# त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयः म्यानुअलदेखि अनलाइनसम्म

*विजय शर्मा*[*]


## सारसङ्क्षेप

*प्रस्तुत लेखमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय स्थापनाकालदेखि ८० को दशकको उत्तरार्द्धसम्ममा आइपुग्दा सुदृढीकरणका विभिन्न आयममा भएका प्रयासको विवेचना गरिएको छ । विभिन्न आयममध्ये पुस्तकालयको स्थापना, ज्ञानसामग्रीको व्यवस्थापन र अनलाइन रिसोर्ससमा भएगरेका गतिविधिका सम्बन्धमा प्राप्त तथ्य तथा रेकर्डबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यायसँगै सीमित स्रोत साधनबाट त्रिपुरेश्वरदेखि सुरूभएको पुस्तकायल अहिले देशकै ठुलो पुस्तकालयका रूपमा स्थापित भएको देखिन्छ । यस पुस्तकालयले म्युनअल प्रणालीबाट ज्ञानसामग्रीहरू व्यवस्थापन तथा छिटोछरितो सेवा प्रवाहमा देखापरेका समस्यालाई न्यूनीकरण गर्न समयक्रम अनुसार आधुनिक प्रविधि उन्मुख भएको छ । हाल नयाँ प्रविधिको प्रयोग गर्दै रिमोट एक्सेस सेवा सहित बहुविषयलाई समेटेको प्रोक्वेस्ट डाटाबेस खरिद गरी पाठकहरूलाई अनलाइन मार्फत सेवा प्रदान गर्न सुरू गरेको छ । अनलाइन सेवा विस्तारकै क्रममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आफ्नो सन्जाल फैलाउदै निःशुल्क रूपमा रिसोर्ससहरूको पनि व्यवस्था पुस्तकालयले गरेको देखिन्छ । पुस्तकालयले आफुलाई पूर्णरूपमा डिजिटाइजेसन गर्न सकेको छैन् । त्यसकारण म्यानुअल र अनलाइन दुवै प्रणालीलाई अगाल्दै हाइब्रिड पुस्तकालयको रूपमा सेवा प्रवाह गरेको यथार्थ यस लेखका निष्कर्षमा प्रस्तुत गरिएको छ ।*


**मुल शब्दावलीः** त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, ई- रिसोर्सेस, अनलाइन पुस्तकालय

## विषय परिचय

त्रिभुवन विश्वविद्यालयसँगै पुस्तकालयको पनि स्थापना हुनपर्ने त्रिभुवन विश्वविद्यालय ऐन २०१६ मा बाध्यात्मक व्यवस्थाले गर्दा पुस्तकालयको स्थापना भएको देखिन्छ । शैक्षिक संस्थाको मूल स्रोत पुस्तकालय भएता पनि स्थापनाकालमा सीमित स्रोतसाधनले गर्दा विश्वविद्यालयको पुस्तकालयमा दुईवटा स-साना दराजमा ताल्चा मारेको अवस्थामा पुस्तकहरू रहेको प्रसङ्ग पाइन्छ ।

---

* पुस्तकालय अधिकृत, त्रिभुवन विश्वविद्यालय पुस्तकालय ।

पुस्तकालयले समयानुसार सङ्कलन विस्तार तथा वैज्ञानिक प्रणालीबाट व्यवस्थापनका साथ पाठक सेवा विस्तारै अघि बढाएको पाइन्छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रको सहयोग तथा सहकार्यबाट नयाँ प्रविधिको प्रयोगलाई आत्मसात् गर्दै आइरहेको छ । पछिल्लो समय नेपाली अनुसन्धानकर्ताहरूलाई विदेशी पुस्तक तथा लेखरचनाहरू अनलाइनको माध्यमबाटै पढेर लाभान्वित भएका छन् । नेपालका अनुसन्धानकर्ताहरूका लेख रचनाहरू नेप्जोल डाटावेस मार्फत विदेशी पाठकहरू माज पुऱ्याउने काम पनि पुस्तकालयले गरेको छ । पुस्तकालय स्थापनाको ६२ वर्षमा म्यानुअल प्रणालीबाट डिजिटाइजेसन हुँदै अनलाइन प्रणालीलाई आत्मसात् गर्दासम्मको अवस्थाको बारेमा खोज गर्नु नै यस आलेखको विषय क्षेत्र हो ।

## अध्ययनको उद्देश्य र विधि

पुस्तकालयको स्थापनाकालमा म्यानुअल प्रणालीको प्रयोगमा के कस्ता सीमा थिए र डिजिटाइज हुँदै अनलाइन प्रणालीले कस्तो अवस्थामा सेवा दिइरहेको छ भन्ने मूल समस्यामा रहेर यो आलेख तयार गरिएको छ । यस आलेखको उद्देश्य त्रिभुवन विश्वविद्यालयले सीमित स्रोत साधनका बाबजुत सुरू गरेको पुस्तकालय सेवा परिवर्तित समयानुसार नयाँ प्रविधिलाई आत्मसात् गर्दै हालसम्मका गतिविधिको विवेचना गर्नुरहेको छ । उल्लिखित उद्देश्य प्राप्तिका लागि पुस्तकालयको त्रिभुवन विश्वविद्यालय ऐन, नियम, पुस्तक खरिद विनियम, पुस्तकालय कार्यपद्धति, विभिन्न संस्थासंग भएका सहकार्य, सम्झौतापत्र, पुस्तकालयको वेवसाइट लगायत पुस्तकालय सञ्चालन समिति, पुस्तकालय विकास समितिका निर्णयका साथै पुस्तकालयका आधिकारिक दर्ता रेकर्डहरूलाई प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ । पुस्तकालयका सम्बन्धमा प्रकाशित पुस्तक, पत्रपत्रिका तथा अनलाइनका माध्यबाट प्राप्त तथ्यहरूलाई अध्ययनको द्धितीय स्रोतका रूपमा प्रयोग गरिएको छ । प्राथमिक र द्धितीय स्रोतबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरी थप पुष्टि पार्नका लागि विश्लेषण विधिलाई प्रयोगमा ल्याइएको छ । यस आलेखमा पुस्तकालयका वि.सं. २०७७ चैत्र मसान्तसम्मका तथ्याङ्कलाई मात्र समावेश गरिएको छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको बारेमा अध्ययन अनुसन्धान गर्न चाहने अध्येताहरूलाई अध्ययनको गहिराइमा पुग्नका लागि कोसेढुङ्गा सावित हुने विश्वास गर्न सकिन्छ ।

## पृष्ठभूमि

नेपालमा पुस्तकालयको इतिहास प्राचीन समयबाट नै सुरू भएका पाइन्छ । उक्त समयमा धार्मिक विधिविधान र उपदेशहरू ताम्रपत्र, ताडपत्र, भुर्जपत्र आदिमा लेखि संरक्षणका लागि धार्मिक मठमन्दिर, गुम्बा, चैत्य, विहारमा सङ्कलन गर्ने गरेको पाइन्छ । जसलाई पुस्तकालयको अग्रिम रूपमा लिन सकिन्छ (मानन्धर, २०३८ पृ.३) । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको अभियानसँगै वसन्तपुर दरवारमा प्राचीन ऐतिहासिक अभिलेखहरू सङ्कलन गरेको पाइन्छ । उक्त सङ्कलित सामग्रीको संरक्षण र सुव्यवस्थापनका लागि गीर्वाणयुद्ध वीर विक्रम शाहदेवले १८६९ गते "पुस्तक

चिताइ तहविल” सम्बन्धी नीति, नियममा लालमोहर जारी गरे । त्यो नै नेपालको पहिलो कानुनी रूपमा मान्यता प्राप्त पुस्तकालय रहेको मानिन्छ (अधिकारी, २०७३ पृ. ३८) ।

नेपालमा शैक्षिक पुस्तकालयको सुरूवात त्रिचन्द्र कलेजको स्थापनासँगै भएको देखिन्छ । उक्त कलेजको पुस्तकालयका लागि चन्द्र शमशेरले आर्थिक सहयोग र लाइब्रेरियनका रूपमा आनन्दमुनि बज्राचार्यको नियुक्तिलाई महत्त्वपूर्ण मान्न सकिन्छ । त्रिचन्द्र कलेजको पुस्तकालयका लागि पुस्तक खरिद गर्न रु ५०००।- छुट्याइएको देखिन्छ (कार्की, २०७५ पृ. २८) । पुस्तकालयमा पुस्तक खरिद गर्न एकै पटक यति ठूलो रकम विनियोजन गरिएको सम्भवतः नेपालको इतिहासमा पहिलो हो ।

त्रिभुवन विश्वविद्यालय पुस्तकालय स्थापनाको सन्दर्भमा त्रिभुवन विश्वविद्यालय ऐन २०१६ को परिच्छेद ४ दफा १८ उप-दफा (ख) मा विश्वविद्यालय पुस्तकालयको निमित्त आवश्यक अरू साधनको व्यवस्था गर्ने जिम्मेवारी विश्वविद्यालय सिनेटलाई दिइएको पाइन्छ । सोही ऐनमा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्ने कलेजले पुस्तकालयको पनि व्यवस्था गर्नुपर्ने उल्लेख छ (श्री ५ को सरकार कानून तथा संसदीय प्रवन्धमन्त्रालय, २०१६ पृ. १९-२९) । ऐनमा नै बाध्यात्मक शर्त राखिएकोले विश्वविद्यालयले पुस्तकालय स्थापनालाई प्राथमिकता दिएको देखिन्छ । यसै नियमका आधारमा त्रिभुवन विश्वविद्यालयमा एउटा पुस्तकालयको स्थापना गरिएको पाइन्छ । स्थापित पुस्तकालयलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि पुस्तकालय विज्ञान विषयमा योग्यताप्राप्त व्यक्तिको आवश्यकता महशुस गरी नेपालका पहिलो व्यावसायिक पुस्तकालयविद् पूर्णप्रसाद अमात्यलाई वि.सं. २०१७ मा असिस्टेन्ट लाइब्रेरियन (प्राविधिक) मा नियुक्त गरेको छ । उक्त समयमा दुईवटा स-साना दराजमा ताल्चा मारेर पुस्तकहरू राखिएको र एक जना हेड असिस्टेन्ट र अर्को एक जना सहयोगी पदका कर्मचारी रहेको अमात्यको सम्झनामा छ (पंगेनी, २०६८ पृ.३८) । अमेरिकाबाट पुस्तकालय विज्ञान विषयमा एम.ए.गरेर आएकी तत्कालीन त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसकी अध्यापिका शान्ति श्रेष्ठ (मिश्र) लाई मिति २०२०।१।१८ गतेदेखि लाइब्रेरियन पदमा नियुक्त गरेको पाइन्छ (मिश्र, २०७५ पृ.६) । यसबाट के देखिन्छ भने शान्ति मिश्रलाई पुस्तकालय प्रमुखको कार्यभार सुम्पिनुभन्दा पहिला कसैलाई पनि प्रमुखको जिम्मेवारी दिएको तथ्य पाइएको छैन ।

वि.सं. २०१६ मा संयुक्त राज्य अमेरिकाको एजेन्सी फर इन्टरनेसनल डेभलोपमेन्ट (Agency for International Development) को सहयोगमा काठमाडौंको लालदरबारमा सेन्ट्रल लाइब्रेरी स्थापना भएको पाइन्छ । स्थापनाको तेस्रो वर्ष अर्थात वि.सं २०१९ मा पुस्तकालयमा सङ्कलित पन्ध्र हजार पुस्तक तथा चौध जना कर्मचारीहरू सहित त्रिभुवन विश्वविद्यालय पुस्तकालयलाई हस्तान्तरण गरेको देखिन्छ (TU Central Library, n.d.b) । सेन्ट्रल लाइब्रेरीबाट हस्तान्तरित पुस्तक सहित केही समय त्रिपुरेश्वरको पाहुना घरका टहराबाटै पुस्तकालय सेवा सञ्चालित रहेको देखिन्छ । पुस्तकालयको टहराको यात्रा वि.सं. २०२४ पछि कीर्तिपुरमा बनेको नयाँ भवनमा पुगेको छ । कीर्तिपुरमा भारत सरकारको सहयोगमा बनेको नयाँ भवनको उद्घाटन भारतका तात्कालीन उप-प्रधानमन्त्री मोरारजी

देसाईको उपस्थितिमा नेपालका प्रधानमन्त्री श्री सूर्यबहादुर थापाबाट २०२४ कार्त्तिक ६ गते भएको हो । उक्त समयमा आफ्नै छुट्टै भवन भएको यो राष्ट्रको पहिलो पुस्तकालय पनि हो (मिश्र, २०७५ पृ. १५) । वि.सं. २०७२ सालमा गएको भूकम्पले केही ठाउँ क्षेत्रग्रस्त भएता पनि जेनतेन सेवा प्रदान गरिरहेकै छ । पुनः भारत सरकारको सहयोगमा पुस्तकालय नजिकै रहेको गान्धी भवनको परिसर भित्र पुननिर्माण प्राधिकरणबाट अत्याधुनिक सुविधा सहितको तीन तलाको भवन बन्ने योजना रहेको पाइन्छ ।

त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको निर्णयानुसार वि.सं. २०३० मा पुस्तकालय सम्बन्धी विनियमले तर्जुमा गरी केन्द्रीय पुस्तकालय नामकरण भएको देखिन्छ । नाम परिवर्तनसंगै केन्द्रीय विभागमा मात्र सीमित रहेको पुस्तकालयलाई अन्य क्याम्पसहरूका पुस्तकालयहरूको अनुगमन गर्ने तथा प्राविधिक सरसल्लाह दिनुका साथै सर्वसाधारण अनुसन्धानकर्ताहरूलाई पनि सेवा प्रदान गर्ने जिम्मेवारी थप भएको हो । त्रिभुवन विश्वविद्यालयका पुस्तकालयहरू पुस्तक खरिदमा सहजिकरण गर्नका लागि त्रि.वि. पुस्तक खरिद विनियम २०३३ बनेको देखिन्छ ।

पुस्तकालयमा कहिले देखि पाठकले चाहेको पुस्तक छनोट गर्न मिल्ने गरी खुलाद्वार प्रणालीमा विकास भएको भन्ने सम्बन्धमा विवाद देखिन्छ । अमात्यले पुस्तकालयमा काम गर्न सुरू गर्दा दुईवटा स-साना दराजमा ताल्चा लगाई बन्दद्वार प्रणाली रहेको उल्लेख गरेका छन् । व्यस्थापनका लागि थप दराज, फर्निचर, कोठा एवम् जनशक्तिको माग गरेता पनि तत्कालीन रजिष्ट्रारले इँटामाथि काठको फल्याक राख्ने र त्यसैमाथि पुस्तक राखेर काम चलाउनु भन्नी निर्देशन दिएको भनेका छन् । अमात्यले फल्याकमाथि राखेरै भएपनि खुलाद्वार प्रणालीमार्फत सेवा दिन सुरू गरेकोमा जोड दिएका छन् । अर्कोतर्फ शान्ति मिश्रले पुस्तकालय प्रमुख पदमा नियुक्त हुँदा पुस्तकालयमा दुई जना कर्मचारी र स-साना दुई कोठा एवम् १२०० पुस्तकलाई दराजमा चाबी लगाएर राखिएको कुरा बताउँछिन् (पंगेनी, २०६८ पृ. ४०) । यद्यपि जहिले सुरू गरेता पनि पुस्तकालयको स्थापनाको पाँच वर्ष भित्र पाठकले चाहेको पुस्तक छनोट गर्न मिल्ने गरी खुलाद्वार प्रणालीमा विकास भएको देखिन्छ ।

खुलाद्वार प्रणालीको विकाससँगै पुस्तकालयबाट पुस्तकहरू चोरी हुने तथा पान्ना चेत्ने समस्या पनि धेरै रहेको पाइन्छ । जसको मुख्यकारण बजारमा सहभै पुस्तक नपाउने, पुस्तकालयमा बसेर अध्ययन गरी उतार गर्दा लामो समय विताउनु पर्ने भएकोले सजिलो बाटो चोरी वा पान्ना चेत्ने कार्य बढने हुन्छ । चोरी भएको पुस्तकहरू विद्यार्थीको डेरामा नै गएर खोसेर ल्याउने काम पनि पुस्तकालयले गरेको पाइन्छ । डा. प्रेमकुमार खत्रीले विश्वविद्यालयको होस्टेल तथा विद्यार्थीको डेराबाट चोरेर लगेका पुस्तकहरू खोसेर ल्याउने कार्यको अगुवाई गरेको पाइन्छ । जसको समाधानार्थ पुस्तकालयले ४० को दशकमा फोटोकपी सुविधा सुरू गरेको देखिन्छ । वि.सं. २०५७ मा पुस्तक चोरीको समस्यालाई रोक्नका लागि घः Electronic System को सुरू गरेको छ (पंगेनी, २०६८ पृ.२६७-२७६) ।

पुस्तकहरू व्यवस्थापनका लागि सूचीकरण वर्गीकरण कार्य हातले नै लेखेर राख्ने आस्थाबाट टाइप राइटर हुदैँ कम्प्युटरको प्रयोगबाट हुन थालेको छ । पुस्तकालयमा वि.सं. २०७१ असार देखि पुस्तक इस्यु र फित्र्ता कार्य कम्प्युटर प्रणालीबाटै गर्न थिलिएको छ । कुनै समय आधुनिक मानिने म्यानुअल कार्ड प्रणाली पनि अहिले बारकोर्ड सहितको डिजिटल कार्डले विस्तावित गरिदिएको छ । पुस्तक लिन दिनका लागि घण्टै लाइनमा बस्ने समस्याबाट मुक्त गर्न एक क्लिकको भरमा पाठकहरूलाई काम सकिने आवस्थामा आएको छ । पाठकहरूलाई आधुनिक प्रविधिको प्रयोगमा जोडने क्रममा वि.सं. २०७७ मंसिर ५ देखि रिमोट एक्सेस (Remote access) सेवा सहित प्रोक्वेस्ट (ProQuest) डाटावेसका साथै एशियन डेभलपमेन्ट बैंक, नेशनल डिजिटल लाइब्रेरी अफ इन्डियाका रिसोर्सेसहरू उपलब्ध गराउन सुरूवात गरेको छ ।

## अन्तर्राष्ट्रिय संघ/संस्थासँग आबद्धता तथा सेवा विस्तार

त्रि.वि. केन्द्रीय पुस्तकालयले विश्वका विभिन्न पुस्तकालयहरूसँग समीपस्थ तथा व्यावसायिक लाइब्रेरियनहरूको संस्था इफ्लाको सदस्यता तत्कालीन पुस्तकालय प्रमुख शान्ति मिश्रको प्रयासमा सन् १९७४ मा लिएको पाइन्छ । इफ्लाको सदस्यता पाएपछि नेपाल-इफ्ला विच सम्बन्ध र सहयोग आदानप्रदानको क्रम सुरू भएको मानिन्छ (अधिकारी, २०७३ पृ. ३३५) । पुस्तकालयले सङ्कलन विस्तार गरी पाठक सेवालाई थप प्रभावकारी बनाउनका लागि सन् १९६४ देखि यु.एन.को डिपोजिटरी लाइब्रेरीको रूपमा पनि काम गरेको देखिन्छ । जसमा यु.एन.र यु.एन.अन्तर्गतका एजेन्सीहरूका प्रकाशनहरू सङ्कलन गरिएको छ (TU Central Library, n.d.b) । केन्द्रीय पुस्तकालयले १२ माघ २०५६ का दिनदेखि आइ.एस.बी.एन. को राष्ट्रिय एजेन्सीका रूपमा अभिभारा समाल्दै आइरहेको छ । जसको शुभारम्भ तत्कालीन पूर्वप्रधानमन्त्री श्री गिरीजाप्रसाद कोइरालाबाट भएको हो । सुरूवातको २० वर्षपछि २०७७ आषाढ महिनाको २५ गते आई.एस.बी.एन.प्रदान गर्ने सेवालाई अनलाइन मार्फत वितरण गर्ने कार्यको शुभारम्भ भएको छ (आधिकारी, २०७७ पृ. ३-५) । अब लेखक तथा प्रकाशकहरूलाई नम्बर लिन कीर्तिपुर नै धाउन नपर्ने भएको छ ।

त्रि.वि. केन्द्रीय पुस्तकालयले ब्रिटिस काउन्सिलको सहयोगमा पुस्तकालय भित्र डिजिटल लाइब्रेरी वालको व्यवस्था गरेको छ । जहाँ दुईवटा आईप्याड, आवश्यक फर्निचर समेत एक्टिभ क्यु.आर.कोडहरू भएको एक भव्य डिजिटल लाइब्रेरी वालको जडान सम्पन्न गरेको छ (अधिकारी, २०७७ पृ. ६) । जसबाट ब्रिटिश काउन्सिलका समस्त डिजिटल कलेक्सनहरू उपयोग गर्न सकिन्छ । पुस्तकालयले पछिल्लो समय सन् २०२० मा एशियन विकास बैंक र नेशनल डिजिटल लाइब्रेरी अफ इन्डियासँग ई-रिर्सोसेसको प्रयोगमा सम्झौता र सहकार्य गरेको छ । सम्झौतापत्रमा उल्लेख भएअनुसार ए.डि.बी.को डिजिटल पुस्तकालयका उपलब्ध रिसोर्सेसहरू त्रि.वि. का पाठकहरूले निःशुल्क प्रयोग गर्न सक्ने छन् । त्यसैगरी नेशनल डिजिटल लाइब्रेरी अफ इण्डियासँग रिसोर्सेसहरू शेयरका साथै कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने जस्ता कार्यका लागि साझेदारी गरेको छ । द्विपक्षीय साझेदारी पत्रमा उल्लेख

भएअनुरूप पहिलो चरणमा त्रिभुवन विश्वविद्यालयका पन्ध्र हजार प्राध्यापक, अनुसन्धानकर्ता, विद्यार्थी तथा कर्मचारीहरूलाई डिजिटल लाइब्रेरीका कलेक्सनहरू प्रयोग गर्न दिने भएको छ । जसमध्ये दई हजार पाठकहरू यस डिजिटल लाइब्रेरीमा आवद्ध भइ सेवा प्राप्त गर्न थालिसकेका छन् ।

## पुस्तकालयको सङ्कलन तथा शाखाहरू

स्थापनाको ६२ वर्षमा आइपुग्दा यस पुस्तकालयको सङकलन ४ लाखभन्दा बढी भैसकेको छ । विश्वविद्यालयले निर्माण गरेको पाठ्यक्रममा साथै पाठकहरूको आवश्यकता अनुसारका पुस्तक, जर्नल, अखबार आदि ज्ञान सामग्रीहरू खरिद गर्दै आइरहेको छ । यसै क्रममा स्थापनाको पहिलो वर्षमा अर्थात आ.व. २०१६।०१७ मा पुस्तक र जर्नल खरिदका लागि रु ५०००।- छुट्याइएको पाइन्छ । उक्त रकममध्ये ने.रु ५३४/३४ तथा भा.रु ४,५६७/८४ बाट पुस्तक तथा जर्नलहरू खरिद गरेको देखिन्छ । आ.व. २०१७/०१८ मा रु १९,६२०/८७ रकम बरावरका पुस्तक तथा जर्नलहरू खरिद गरेको देखिन्छ (पंगेनी, २०७६ पृ. ८२७) । आ.व. २०७७।०७८ को विश्वविद्यालयको बार्षिक बजेटमा पुस्तक खरिदका लागि जम्मा रू. ५० लाख तथा पत्रपत्रिका खरिदका लागि जम्मा रू. ४० लाख विनियोजन गरेको देखिन्छ (त्रि.वि. आर्थिक तथा प्रशासन महाशाखा, २०७७ पृ. २) । पुस्तकालयले अध्ययन सामग्रीहरू केन्द्रीय विभागहरूको सिफारिस तथा पाठकको माग अनुसार सिधै, कोटेशन तथा टेन्डरको माध्यमबाट खरिद गर्नुका साथै विभिन्न व्यक्ति तथा संघ संस्थाहरूबाट उपहार स्वरूप निःशुल्क पनि उपलब्ध भएको पाइन्छ । पुस्तकालयको दर्ता रेकर्ड अनुसार हालसम्म १,६४,२७० थान पुस्तकहरू खरिदबाट र ८४,४६४ थान उपहार स्वरूप प्राप्त भएका छन् । त्यसैगरी थेसिसहरू, बजारमा नपाइएका दुलर्भ पुस्तकहरू, पाठकका माग अनुसारका फोटोकपीहरू, बाउण्ड भोलुम पेरिअडिकलहरू साथै भिलेज प्रोफाइलहरू आदि रहेका छन् । पुस्तकालयले पाठक सेवालाई थप प्रभावकारी बनाउनका लागि अनलाइन रिसोर्सेसहरू पनि उपलब्ध गराउँदै आइरहेको छ ।

स्थापनाकालमा सीमित संख्यामा मात्र पुस्तकहरू सङ्लग्न भएता पनि पाठकहरूको संख्या बढ्दै जादा पुस्तकालयमा सङ्कलनहरू पनि थपिदै गएको दखिन्छ । पाठकहरूलाई छिटोछरितो रूपमा सेवा प्रदान गर्नका लागि ज्ञानसामग्रीहरूको प्रकृति तथा सेवा प्रवाहका आधारमा शाखाहरू छुट्याइएको पाइन्छ । पुस्तकालयमा उपलब्ध अध्ययन सामग्रीहरू सङ्कलनका हिसाबले मुख्यतया चार भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

१. जनरल पुस्तक सङ्कलन शाखाः यसलाई मुख्य सङ्कलन शाखा पनि भन्ने गरिन्छ । जुन शाखामा विभिन्न विषयमा पुस्तकहरू विषयअनुसार वर्गीकरण गरी एकै ठाउँमा राखिएको हुन्छ । तर भाषानुसार अंग्रेजी, नेपाली, संस्कृत, नेवारीका आधारमा पुस्तकहरूलाई छुट्टाछुट्टै दराजमा व्यवस्था गरिएको छ । यो शाखाका पुस्तकहरू पुस्तकालयको नियमानुसार पाठकहरूले निश्चित समयका लागि इस्यु गरेर लैजान मिल्छ ।

२. स्पेसल ज्ञान सामग्री सङ्कलन शाखाहरू : पुस्तकालयबाट इस्यु नहुने पुस्तकलगायत ज्ञान सामग्रीहरू राखिएको शाखाहरूलाई स्पेशल सङ्कलन शाखा भनेको छ जसअन्तर्गत निम्नशाखाहरू रहेका छन् ।

नेपाल सङ्कलन शाखाः नेपालको बारेमा तथा नेपालबाट प्रकाशन भएका पुस्तकहरूका साथै थेसिस डिजर्टेशनहरू यस शाखामा राखिएको छ । नेपालको बारेमा अध्ययन गर्ने चाहने पाठकहरूका लागि सहज होस् भनेर यो शाखाको स्थापना गरेको पाइन्छ ।

सन्दर्भ पुस्तक सङ्कलन शाखाः ज्ञान कोष, शब्दकोश, एटलस, निर्देशिका, वर्ष पुस्तक, तथ्याङ्क पुस्तक, महावाणी पुस्तक, वाङ्मय सूची आदि ज्ञान सामग्रीहरू यस शाखामा राखिएको छ ।

पाठ्यपुस्तक सङ्कलन शाखाः यस शाखामा त्रिभुवन विश्वविद्यालयअन्तर्गत अध्ययन अध्यापन हुने सम्पूर्ण विषयहरूका पाठ्यपुस्तकहरू राखिएको छ । पाठकहरूले आफ्नो सिलेवसमा भएका पुस्तकहरू अन्य शाखामा नपाएता पनि यस शाखामा एक थान अवश्य पाउन सक्नेछन् । यसका साथै विभिन्न संस्थान तथा संकाय अनुसारका सिलेबसहरू र पुराना प्रश्नपत्रहरू पनि राखिएको छ ।

संयुक्त राष्ट्र संघ डिपोजिटरी सङ्कलन शाखाः यस शाखामा संयुक्त राष्ट्र संघ र यस मातहत संस्थाका प्रकाशनहरूलाई छुट्टै शाखाको रूपमा राखिएको छ । पछिल्लो समय भौतिक पुस्तकहरू कम प्रकाशन हुन लागेकोले विद्युतीय सामग्रीहरू बढी आउने गरेको पाइन्छ ।

अमेरिकी, जापानी, चाइनिज सङ्कलन अध्ययन शाखाः विभिन्न देशका बारेमा अध्ययन गर्ने पाठकहरूका लागि सहजिकरण गर्नका लागि केही देश अनुसार छुट्टाछुट्टै शाखाहरूको पनि व्यवस्था गरिएको छ । जहाँ उक्त देशको साहित्य, संस्कृति, राजनीति, भुगोल इतिहास आदि विषयका पुस्तकहरू रहेका छन् ।

सिंहशमशेर सङ्कलन शाखाः सिंहशमशेरले सङ्कलन गरेका ५००० थान ज्ञान सामग्रीहरूका साथै फर्निचरहरू पनि उपहार स्वरूप पुस्तकालयलाई प्रदान गरेका थिए । पुस्तकालयले तिनै पुस्तकहरूलाई सिंहशमशेरका नाममा छुट्टै शाखाको रूपमा राखेको छ । वि.सं.२०३४ श्रावण १० गते विश्वविद्यालय दिवसका अवसरमा राजा वीरेन्द्र तथा रानी ऐश्वर्यले पुस्तकालयमा सिंह कलेक्सनको उद्घाटन गरेका थिए । (पंगेनी, २०६८ पृ. १८६)

आई.एस.वी.एन. सङ्ग्रह शाखाः त्रि.वि. केन्द्रीय पुस्तकालय नेपालका लागि अन्तर्राष्ट्रिय मानक पहिचान चिन्ह प्रदान गर्ने राष्ट्रिय एजेन्सी हो । लेखक तथा प्रकाशकहरूले आई.एस.वी.एन. लिए बापत दुई थान पुस्तकहरू पुस्तकालयमा बुझाउनु पर्ने हुन्छ । तिनै पुस्तकहरूलाई छुट्टै शाखाका सङ्ग्रह गरी

आई.एस.वी.एन. सङ्कलन शाखा नामाकरण गरेको छ । पुस्तकालयबाट प्राप्त रेकर्ड अनुसार यस शाखामा हालसम्म २१,२७५ पुस्तकहरू सङ्कलन भएका छन् ।

श्रव्यदृश्य सामग्री सङ्कलन शाखाः शारीरिक रूपमा फरक क्षमता भएका व्यक्तिहरूका लागि श्रव्य दृश्य सामग्रीहरू पनि सङ्ग्रह गरी राखिएको छ ।

अभिलेख सङ्कलन शाखाः यस शाखामा हस्तलिखित सामग्रीका साथै त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित अभिलेख र बजारमा सहजै नपाउने दुर्लभ ग्रन्थहरू पनि राखिएको छ । धर्मशास्त्र, योग, साहित्य, आयुर्वेद, व्याकरण, दर्शन, न्याय, इतिहास आदि विषयमा पुराना हस्तलिखित सामग्रीहरू रहेका छन् । जुन सामग्रीहरू देवनागरिक, नेपाल भाषा, कुभो भुजिमोल आदि लिपिमा लेखिएको देखिन्छ । हाल जर्मन सरकारको सहयोगमा यस्ता सामग्रीहरूको संरक्षणका लागि अम्लरहित कार्डबोर्ड बाकसहरू बनाई सुरक्षित साथ राख्ने कार्यको सुरुवात भएको छ । जहाँ ६२१ थान यस्ता ज्ञान सामग्रीहरू रहेका छन् । त्यसैगरी त्रिभुवन विश्वविद्यालयको स्थापना देखिका डकुमेन्टका साथै पुरानो सिलेबसहरू पनि यस शाखामा पाइन्छ ।

३. पत्रपत्रिका सङ्कलन शाखा : पुस्तकालयमा पुस्तक मात्र सङ्कलन नगरी दैनिक पत्रपत्रिका तथा विषयगत पत्रिका (जर्नल) र म्यागजिनहरू पनि ठुलो सङ्कलन रहेको छ । नयाँ र पुराना अङ्कहरूलाई छुट्टाछुट्टै ठाउँमा राखिएको छ । पुराना पत्रपत्रिकाहरूलाई अङ्कअनुसार बाइन्डिङ गरी व्यवस्थित गरिएको छ । जहाँ गोरखापत्र, कान्तिपुर, नागरिक, अन्नपूर्ण पोस्ट, काठमाडौं पोस्ट, हिमालयन टाइम्स जस्तै दैनिक पत्रिकाका साथै साप्ताहिक, पाक्षिक, मासिक आदि पत्रपत्रिकाहरू राखिएका छन् । त्यसैगरी फिजिक्स, केमिस्ट्री, बायोलोजी आदि विषयका एब्स्ट्राक्टहरूका साथै बाउन्ड भोल्युम जर्नलहरू पनि पत्रपत्रिका शाखाअन्तर्गत रहने गरी छुट्टै राखिएको छ ।

४. ई-रिसोर्सेस शाखाः पुस्तकालयले पाठकहरूको मागलाई मध्यनजर गर्दै अन्तर्राष्ट्रिय स्तरका पुस्तक तथा जर्नलहरूका डाटाबेसहरू उपलब्ध गराएको छ । प्राध्यापक तथा अनुसन्धानकर्ता र विद्यार्थीहरूका लागि अनलाइन रिसोर्सेस प्रयोग गर्न छुट्टाछुट्टै दुईवटा कोठाको व्यवस्था गरिएको छ ।

## सङ्कलित ज्ञानसामग्रीको व्यवस्थापन कार्य

पुस्तकालयमा उपलब्ध अध्ययन सामग्रीहरूको उचित व्यवस्थापन गर्न विषयानुसार वर्गीकरण र सूचीकरण गर्नु अत्यन्त आवश्यक हुन्छ । पुस्तकालय विज्ञानको अध्ययन भारतबाट भएकोले सुरूमा पूर्णप्रसाद अमात्यले भारतमा प्रचलित एस.आर.रंगनाथनको कोलन वर्गीकरण प्रणाली नै पुस्तकालयमा लागू गरेको देखिन्छ । यसै सन्दर्भमा अमेरिकाबाट पुस्तकालय विज्ञान विषय अध्ययन गरी फर्केर

पुस्तकालय प्रमुख पदमा नियुक्त भएकी शान्ति श्रेष्ठले डिवि डेसिमल वर्गीकरण लागु गरेको देखिन्छ (वैद्य, २०७७ पृ. १२) । यसबाट आफ्नो अध्ययनको प्रभाव कार्यक्षेत्रमा पर्ने देखिन्छ । डी.डी.सी प्रणाली विश्वमा अधिकांश पुस्तकालयमा प्रचलित भएकोले हालसम्म यस पुस्तकालयले पनि यसै प्रणालीलाई आत्मसात् गर्दै आइरहेको छ ।

पाठकहरूलाई खोजेको पाठ्यसामग्री राखेको स्थानलाई मार्गदर्शन गर्नका लागि प्रत्येक पुस्तकको बिब्लियोग्राफिक विवरणहरू सहित सूचीकरण गरिएको छ । यस्तो सूचीकरण सुरूमा म्यानुअल रूपमा ३×५ इन्च नापका कार्डहरूमा भएता पनि प्रविधिको विकाससँगै कम्प्युटर डाटाबेसको पनि प्रयोग गरी दुवै माध्यमबाट बनाइएको छ । त्यसमा हरेक पुस्तकका लागि दिइएको विषय संकेताङ्कको आधारमा पाठकहरूले आफुलाई आवश्यक भएको पुस्तक विषयअनुसार वा लेखकअनुसार वा शीर्षक आदि माध्यबाट दराजमा खोजेर पत्ता लगाउन सक्छन् । पुस्तकालयले सूचीकरण कार्यका लागि एङ्लो अमेरिकन क्याटलगिङ रूल्सको दोस्रो संस्करण सन् १९७८ मा नै प्रकाशन भइसकेता पनि अहिलेसम्म प्रथम संस्करणलाई आफ्नो आवश्यकता अनुसार परिमार्जित गर्दै प्रयोग गरेको पाइन्छ । त्यसैगरी पाठकहरूलाई आवश्यक सबै पुस्तकको शीर्षक र लेखक थाहा नहुन सक्छ तर आफुलाई चाहिएको पुस्तकको विषय भने पक्कै थाहा हुन्छ । त्यसैले पाठकहरूलाई विषयअनुसार पुस्तकहरू खोज्न सहज होस् भनेर लाइब्रेरी अफ कङ्ग्रेस सब्जेक्ट हेडिङ (Library of Congress Subject Heading) ग्रन्थको चालिसौं संस्करण प्रयोग गरेको पाइन्छ । यस ग्रन्थमा नभएको विषयहरू राख्नु पर्ने अवस्थामा पुस्तकालयले आफ्नै छुट्टै डिस्क्रीप्टर (Descripter) बनाएको छ । जसले पुस्तकहरूमा विषय राख्ने कार्यमा एकरूपता तथा समानता ल्याउने छ ।

पुस्तकालयले आफ्ना सङ्कलनहरूलाई थप व्यवस्थित गर्नका लागि शाखाअनुसार पुस्तकहरूलाई अङ्ग्रेजी वर्णमालाका अक्षरहरूबाट सङ्कलन सङ्केत दिएको छ जसले गर्दा एक शाखाको पुस्तक अर्को शाखामा मिसिने सम्भावना कम रहन्छ । पुस्तकालयका नियमित पाठकहरूले पनि यो पुस्तक कुन शाखाको हो, इस्यु गर्न मिल्छ मिल्दैन पुस्तक हेर्नेबित्तिकै थाहा पाउन सक्छन् जहाँ सङ्कलनहरूको सङ्केत यसप्रकारले राखिएको छ । रेफरेन्स शाखाका पुस्तकहरूलाई आर (R), नेपाल सङ्कलन शाखा एन (N), पाठ्यपुस्तक सङ्कलन शाखा टी (T), आइ.एस.वी.एन. सङ्कलन शाखा आइएसवीएन (ISBN), यु.एन. सङ्कलन शाखा युएन (UN) आदि रहेको छ ।

## अटोमेसन कार्यको सुरूवात

यस पुस्तकालयले नेपालबाट प्रकाशित र नेपालका बारेमा प्रकाशन भएका पुस्तक तथा जर्नलहरूलाई एक छुट्टै नेपाल कलेक्सन शाखा नामाकरण गरी व्यवस्थित र सुरक्षित साथ राख्ने कार्य गरिएको छ । शाखामा पाठकहरूको बढ्दो चापले गर्दा छिटोछरितो रूपमा सेवा प्रदान गर्न तथा विश्वका पाठकहरू समक्ष नेपाल सम्बन्धी सामग्रीहरूको बारेमा जानकारी गराउने अपेक्षासहित अटोमेसन गर्ने कार्यको

सुरूवात गरिएको पाइन्छ । जुन कार्यका लागि अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र (International Development Research Center -IDRC) ले चरणबद्ध रूपमा जम्मा क्यानेडियन डलर ४९,०३० (रू१०,०१,५००।-) आर्थिक सहयोग गरेको पाइन्छ । द्विपक्षीय सम्झौतापत्रमा IDRC का तर्फबाट ई.सं. १९९१ जुलाइ २९ तथा त्रिभुवन विश्वविद्यालयका तर्फबाट तत्कालीन रेक्टरले ई.सं. १९९१ नोभेम्बर १० का दिन हस्ताक्षर गरेको देखिन्छ । सम्झौतापत्रमा हस्ताक्षर भए तापनि कामको सुरूवात ई.सं. १९९२ अप्रिल देखि भएको छ । उक्त परियोजना अन्तर्गत तीन वर्षमा तेह्रसय थान पुस्तकहरूको विद्युतीय डाटाबेस बनाई अटोमेसन कार्य सम्पन्न भएको पाइन्छ (पंगेनी, २०६८ पृ.२४४-२४६) ।

पुस्तकालयले अटोमेशन कार्यलाई निरन्तरता दिदै सन् १९९५ देखि प्राप्त अन्य शाखाका पुस्तकहरूलाई पनि अटोमेशन गर्न कार्य गरिँदै आएको छ । अटोमेशनका लागि विगतमा CDS/ISIS / WinISIS सफ्टवेयरको प्रयोग गरे तापनि अहिले सबै डाटाहरू कोहा सफ्टवेयरमा राखिँदै आएको छ । जसले गर्दा पाठकहरूले जहाँबाट पनि पुस्तकहरूको बिब्लियोग्राफिक विवरणहरू अनलाइन पब्लिक एक्सेस क्याटलग (OPAC) मार्फत हेर्न सक्ने छन् । पुस्तकालयको वेबसाइटमा प्राप्त तथ्याङ्कअनुसार हाल एक लाख पचास हजार भन्दा बढी पुस्तकहरूको कोहा सफ्टवेयरको प्रयोग गरी कम्प्युटर क्याटलग बनाइसकिएको छ । साथै २२०० सयभन्दा बढी थेसिस डिजर्टेशनहरू डी-स्पेश सफ्टवेयरमा राखी ओपन एक्सेस मार्फत फुल टेक्स्ट डाउनलोड गर्न मिल्ने व्यवस्था गरिएको छ । पुस्तकालयमा २०५२/०५३ सालमा नै ८० जना भन्दा बढी कर्मचारीहरू कार्यरत रहेता पनि अनिवार्य तथा स्वैच्छिक अवकासका साथै सरुवा भइ अन्यत्र जाने कारणले गर्दा जम्मा ३७ जना कर्मचारीहरू मात्र कार्यरत रहेको पाइन्छ । त्यसमा पनि प्रविधिको ज्ञान भएका कर्मचारीहरू सीमित मात्रमा भएकाले अपेक्षित रूपमा प्रविधियुक्त पुस्तकालय विकास गर्न सकिएको छैन् । तथापि स्वयम्सेवकहरूको सहयोगले डिजिटल पुस्तकालयमा थेसिसहरू अपलोड लगायतका कामहरू भइरहेको छ (श्रेष्ठ, २०७७ पृ. १३) ।

## इन्टरनेट सेवाको सुरूवात

पुस्तकालयमा सन् १९९९ देखि क्ष्ऋक्षःइम् को सहयोगमा पाठकहरूलाई निःशुल्क इन्टरनेट सेवाको थालनी गरिएको हो । तर उक्त संस्थाले एक वर्ष मात्र सहयोग गरेकोले पछि पुस्तकालयले नै न्युनतम शुल्कमा इन्टरनेट सेवा प्रदान गर्दै आइरहेको छ । पाठकहरूलाई सूचना प्रविधिको प्रयोग गरी अध्ययन सामग्रीहरूको अधिकतम प्रयोग गराउने कार्यमा पुस्तकालय नियमित रूपमा लागिरहेको छ । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा पुस्तकालयले स्नातकोत्तर तह र विद्यावारिधि तथा दर्शनाचार्य तहका अनुसन्धानकर्ताहरूलाई मध्यनजर गर्दै छुट्टाछुट्टै कोठामा कम्प्युटर सहित इन्टरनेट सेवा प्रदान गर्दै आइरहेको छ । यद्यपि इन्टरनेट सेवा ढिलो भएको भन्ने गुनासो पाठकहरूबाट सुनिएको छ । विश्वविद्यालयलाई प्रविधिमैत्री बनाउने योजनाअनुसार हाल वाईफाई सेवा विस्तार गरिएको छ । अब पुस्तकालयमा पाठकहरूलेताररहित इन्टरनेट सेवाको भरपुर फाइदा लिन सक्ने विश्वास गर्न सकिन्छ (शर्मा, २०७७ पृ. १८) ।

## ई-रिसोर्सेस सेवा सुरूवात

केन्द्रीय पुस्तकालयले समयानुसार नेपालका विद्वान वर्गहरूलाई पनि अन्तर्राष्ट्रिय जर्नलका लेखरचना प्रयोग गर्ने सुविधा उपलब्ध गराउने उद्देश्यले ई-रिसोर्सेस सेवाको सुरूवात गरेको पाइन्छ । जसअनुरूप सन् २००३ सालमा पहिलोपल्ट INASP, UK सँग सहकार्यमा Programme for the Enhancement of Research Information (PERI) नामक कार्यक्रमको थालनी गरी २००३ देखि २००९ सम्म करिब २०-२५ हजार जर्नलका लाखौं लेखबाट नेपाली पाठकलाई सेवा प्रदान गरिएको पाइन्छ । पुस्तकालयले पाठकहरू बढ्दो ई-रिसोर्सेस प्रतिको मोहलाई आत्मसात् गर्दै विश्वविद्यालय अनुदान आयोगसँग Regarding Reform and Strengethening of Central Library (TUCL) Second Higher Education Project (SHEP) 20 May 2009 / 15 June 2014 का लागि सम्झौता भएको पाइन्छ । द्विपक्षीय सम्झौता अनुसार प्रथम चरणमा रु एक करोड र दोस्रो Procurement Plan (PP) for good with Service 2013/2014 कार्यक्रमको Procurement Plan अनुसार पूर्वाधार निर्माणका लागि प्राप्त रू. ६२,१०,०००।– बाट ई-रिसोर्सेसका लागि यू.एस. डलर ४६,०००।- INASP, UK लाई भुक्तानीका लागि पठाएको देखिन्छ । जसबाट OEECD e-library, EBSCO Host, Cambridge University Press, Emerald जस्ता अत्यन्त महत्त्वपूर्ण डाटाबेसहरू खरिद गरेको पाइन्छ (श्रेष्ठ, २०७१ पृ.२०-१९) ।

INASP, UK बाट उल्लिखित डाटाबेसहरू एक वर्षका लागि मात्र खरिद गरे तापनि नेपालमा वि.सं. २०७२ मा गएको महाभूकम्पका कारण पुस्तकालयको विशेष अनुरोधमा नवीकरण नगरेता पनि सन् २०१८ सम्म प्रयोग गर्न दिइएको पाइन्छ । उक्त डाटावेसहरू विश्वविद्यालयमा मात्र सीमित नराखेर विश्वविद्यालयका आङ्गिक क्याम्पसका साथै देशका अन्य शैक्षिक संस्थाहरूलाई पनि निःशुल्क उपलब्ध गराएको देखिन्छ । तर सन् २०१८ देखि भने उक्त डाटाबेसका निश्चित सामग्रीहरू मात्र प्रयोग गर्न सकिन्छ । पुस्तकालयको सीमित स्रोत साधनले गर्दा यस्ता महङ्गा सामग्रीहरू खरिद गरी सेवा प्रदान गर्नु आफैंमा चुनौतीपूर्ण कार्य हो । जसका लागि दातृ राष्ट्र तथा अनुदान आयोगलाई गुहार्नुको विकल्प देखिँदैन । पुस्तकालयले आफ्नै स्रोतबाट जस्टोर (JSTOR) र प्रोजेक्ट म्युज (Project MUSE) डाटाबेसहरू खरिद गरी आई.पी. बेसमा आफ्ना सदस्य पाठकहरूलाई उपलब्ध गराउँदै आएको छ । त्यसैगरी सन् २०२० देखि रिमोट एक्सेस सेवा सहित प्रोक्वट डाटावेस खरिद गरी पाठकहरू सेवा प्रदान सुरूवात गरेको छ ।

पुस्तकालयले २००७ सालदेखि नेपालका विभिन्न शैक्षिक तथा व्यावसायिक संस्थाहरूद्वारा नियमित र क्रमबद्धरूपले प्रकाशन गरिने विज्ञ-समीक्षित (peer-reviewed) जर्नलहरूको लागि Nepal Journals Online (NepJOL) डाटाबेस व्यवस्थापन गर्ने कार्यको सुरूवात गरेको छ । ती जर्नलहरू अनलाइनको माध्यमबाट विश्वव्यापी रूपमा पाठकलाई निःशुल्क अध्ययन सेवा प्रदान गर्ने गरेको छ । यसले नेपाली उत्कृष्ट लेखहरूको विश्वव्यापि चिनारी हुनुका साथै लेखकहरूको क्षमता अभिवृद्धि हुने छ । हालसम्म नेप्जोलमा २१६ वटा स्तरीय जर्नलहरू आबद्ध भइसकेका छन् (Nepal Journal Online,

n.d.) । जसबाट केन्द्रीय पुस्तकालयको अब छिटै पुस्तक, थेसिस, डिजर्टेसन, जर्नल, रिपोर्ट तथा ऐतिहासिक दस्तावेजहरू सहितको आफ्नै छुट्टै डिजिटल डाटावेस बनाउन अत्यन्त आवश्यक देखिन्छ ।

## रिमोट एक्सेस सेवा सुरूवात र उपलब्ध रिसोर्सेसहरू

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को प्रभावले पुस्तकालयले भौतिक रूपमा पाठकहरूलाई अध्ययन सेवा प्रदान गर्न असमर्थ रहेको छ । त्यसकारण २०७७ मंसिर ५ देखि रिमोट एक्सेस (Remote access) सेवा सुरूवात गरेको पाइन्छ । विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी, अनुसन्धानकर्ताहरूले घरैबाट प्रोक्वेस्ट डाटाबेसमा उपलब्ध रिसोर्सेसहरू प्रयोग गर्न सक्नेछन् । रिसोर्सेसहरू प्रयोग गर्नका लागि त्रिभुवन विश्वविद्यालयले प्रदान गरेको अफिसियल इमेल अनिवार्य रूपमा आवश्यक हुन्छ । चैत्र महिनासम्ममा त्रिभुवन विश्वविद्यालयका ३११८ जना पाठकहरू यस सेवामा जोडिइसक्नु भएको छ । यो संख्या अपेक्षाभन्दा अत्यन्त न्यून हो । अफिसिल इमेलबाट मात्र प्रयोग अनुमति पाउने बाध्यात्मक व्यवस्थाले गर्दा पनि यो संख्या नबढेको हुनसक्छ ।

त्रिभुवन विश्वविद्याय कार्यकारी परिषद्को मिति २०७१।१०।१२ को निर्णयानुसार देशभित्रका अन्य शैक्षिक संस्थाहरूले पनि प्रयोग गर्न सक्ने व्यवस्था मिलाइएको छ । जसका लागि विश्वविद्यालयका हकमा एक लाख बार्षिक शुल्क र प्रति पाठक बार्षिक दुई सय लाग्नेछ । साथै क्याम्पस कलेजका हकमा बार्षिक शुल्क पाँच हजार र प्रति पाठक बार्षिक दुई सय लाग्नेछ । हालसम्म नेपाल खुला विश्वविद्यालय, सुदुरपश्चिम विश्वविद्यालयका साथै अन्य १६ वटा क्याम्पस तथा कलेजका पाठकहरू संस्थागत रूपमा जोडिसकेका छन् । चैत्र महिनासम्मको डाटा हेर्दा अन्य विश्वविद्यालय तथा कलेजका जम्मा २३३८ जना पाठकहरू रिमोट एक्सेसबाट उपलब्ध ई-रिसोर्सेसहरू प्रयोग गरेको देखिन्छ । अनलाइन पुस्तकालय सेवालाई देशव्यापी रूपमा विस्तार गर्न सकेमा धेरै पाठकहरू लाभान्वित हुनेछन् ।

रिमोट एक्सेस सेवामा पुस्तकालयले खरिद गरेको प्रोक्वेस्ट (ProQuest) डाटाबेसका साथै सम्झौता र सहकार्यबाट प्राप्त एसियन विकास बैंक र नेसनल डिजिटल लाइब्रेरी अफ इन्डियाका डाटावेसहरू पनि राखिएको छ । खुलारूपमा उपलब्ध डोज, डोव, यु.एन. डिजिटल लाईब्रेरी, नेप्जोल लगायतका डाटाबेसहरू पनि राखेको छ । जसले गर्दा पाठकहरूले एकै ठाउँबाट धेरै डाटाबेसहरू प्रयोग गर्न सक्छन् । प्रोक्वेस्ट बहु विषयलाई समेटेको डाटाबेस हो जसमा ४ लाख ५० हजारभन्दा बढी ई-बुक, ५० लाखभन्दा बढी ई-थेसिस डिजर्टेशनका साथै हजारौं शीर्षकका जर्नल, म्यागजिन तथा रिपोर्टहरू रहेका छन् । त्यसैगरी एशियन विकास बैंकको डाटाबेसमा तीन लाखभन्दा बढी रिसोर्सेस उपलब्ध छन् जसमा अधिकांश बैंककै विभिन्न विषयमा प्रकाशनहरू पुस्तक तथा रिपोर्टहरू रहेका छन् । भारतको नेसनल डिजिटल लाइब्रेरीको डाटावेसमा पैंतिस करोडभन्दा बढी लेख रचना, सत्तरी

लाखभन्दा बढी थेसिस, साठी लाखभन्दा बढी पुस्तकका साथै हजारौको संख्यामा अडियो-भिडियो लेक्चर तथा परीक्षासँग सम्बन्धित प्रश्नपत्रहरू रहेका छन् । पुस्तकालयका पाठकहरूले अनलाइनको माध्यमबाट घरैमा बसीबसी करोडौं रिसोर्सेसहरू प्रयोग गर्न सक्छन् (TU Central Library, 2021c) ।

यस पुस्तकालयलाई २०७७ सालमा विश्वविद्यालय अनुदान आयोगबाट रु ४९ लाख रूपियाँ निकासा भइसकेको छ । जुन ई-रिसोर्सेस, नेटवकिङ् र प्लेजरिजम सफ्टवेयर खरिदमा खर्च गर्नु पर्ने हुन्छ । त्यसकारण केन्द्रीय पुस्तकालयले उक्त रकमबाट थप ई-रिसोर्सेसहरू खरिद गर्ने र त्यसलाई पनि रिमोट एक्सेस सिस्टमबाट देशव्यापी रूपमा सेवा प्रदान गर्ने योजना रहेको छ । साथै बौद्धिक क्षेत्रमा देखा परेको साहित्यिक चोरी कम गर्नका लागि एण्टी प्लेजरिजम (Anit-Plagiarism) सफ्टवेयर खरिदको अन्तिम चरणमा पुगेको छ । जसबाट विश्वविद्यालयमा बढदै गइरहेको बौद्धिक चोरीको समस्यालाई निरूपण हुने आकलन गर्न सकिन्छ । तर यो सफ्टवेयर कहिलेबाट प्रयोगमा आउने छ र साहित्यिक चोरी गरी विश्वविद्यालयको उपाधि धारण गर्न पल्केकाहरूको हालत के हुने हो हेर्न बाँकी नै छ (शर्मा, २०७७ पृ.४) ।

## निष्कर्ष

त्रिभुवन विश्वविद्यालयको स्थापनासँगै वि.सं. २०१६ सालमा पुस्तकालयको पनि स्थापना भएको पाइन्छ । १२०० थान पुस्तक सहित दुईवटा कोठाबाट सुरूवात भएको पुस्तकालयको सेवा अहिले नेपालकै ठूलो पुस्तकालयको रूपमा परिचित हुन पुगेको छ । जहाँ चार लाख भन्दा बढी पुस्तक तथा वाउन्ड भोलुम पत्रपत्रिकाहरू रहेका छन् ।

त्रिपुरेश्वरको पाहुना घरका टहराबाटै सुरू भएको पुस्तकालयको यात्रा वि.सं. २०२४ मा भारत सरकारको सहयोगमा कीर्तिपुरमा बनेको नयाँ भवनमा पुगेको छ । त्रिभुवन विश्वविद्यालय प्राविधिक समितिको निर्णयानुसार वि.सं. २०३० मा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय भएको पाइन्छ । नाम परिर्वतनसँगै क्याम्पसहरूका पुस्तकालयहरूको अनुगमन गर्ने तथा प्राविधिक सरसल्लाह दिनुका साथै सर्वसाधारण अनुसन्धानकर्ताहरूलाई पनि सेवा प्रदान गर्ने जिम्मेवारी थप भएको हो ।

प्रविधिको विकाससँगै पुस्तकालयका ज्ञान सामग्रीहरू व्यवस्थापनका लागि सूचीकरण र वर्गीकरण कार्य पनि टाइप राइटर हुँदै कम्प्युटरको प्रयोगबाट भएको पाइन्छ । सन् १९९२ देखि सुरू भएको अटोमेसन कार्य सन् १९९५ पछि पुस्तकालयमा नयाँ आएका सम्पूर्ण पुस्तकहरूलाई कम्प्युटर डाटावेसमा इन्ट्री गरेपछि मात्र पाठकहरूले प्रयोग गर्ने व्यवस्था गरिएको छ । प्रविधिसँग दक्ष कर्मचारीहरूको अभावमा पनि हालसम्म एक लाख पचास हजार भन्दा बढी पुस्तकहरू अटोमेसन भई सकेको देखिन्छ । वि.सं. २०७१ असार देखि पुस्तक इस्यु र फिर्ता कार्य म्यानुअल कार्ड प्रणालीलाई विस्तापित गर्दै बारकोर्ड सहितको डिजिटल कार्डको प्रयोगबाट भएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाको सहायोगमा इ-रिसोर्सेस सेवा प्रदान गर्दै आइरहेको छ । आधुनिक प्रविधिको प्रयोगलाई जोडदिने क्रममा रिमोट एक्सेस (Remote access) सेवा सहित प्रोक्वेस्ट (ProQuest) डाटावेस सेवा उपलब्ध गराएको छ । एसियन डेभलपमेन्ट बैंक, नेसनल डिजिटल लाइब्रेरी अफ इन्डियासँग सम्झौता र सहकार्य गरी लाखौं रिसोर्सेसहरू उपलब्ध गराएको पाइन्छ । पाठकहरूले एकै ठाउँबाट धेरै डाटाबेसहरू प्रयोग गर्न सुविधा पाएका छन् । अनलाइन प्रणालीलाई अँगाल्दै म्यानुअल सेवालाई पनि समयानुसार परिमार्जित गराउँदै हाइब्रिड पुस्तकालयको रूपमा सेवा प्रवाह गरिराखेको छ ।

## सन्दर्भ सामग्रीहरू :


अधिकारी, आई.पी. (२०७७). **त्रि.वि. केन्द्रीय पुस्तकालयमा प्रमुखका रूपमा तीन वर्ष,** *पुस्तकालय आवाज मासिक* १३(८), ६ ।

अधिकारी, आई.पी.(२०७७). **मेरो पुस्तकालय सेवाः प्रारम्भदेखि अवकाशसम्म**, *पुस्तकालय आवाज मासिक* १२(१०), ३ ।

अधिकारी, इन्द्रप्रसाद (२०७३). *पुस्तकालय तथा स्रोत केन्द्रः व्यवस्थापन एवम् सञ्चालन*, काठमाडौंः पुस्तकालय व्यवस्थापन तथा सूचना सेवा केन्द्र ।

अधिकारी, इन्द्रप्रसाद (२०७७). **नेपालमा आई.एस.बी.एन.ः सुरूदेखि अहिलेसम्म**, *पुस्तकालय आवाज मासिक* १३(१), ३-५ ।

अर्याल, विष्णुप्रसाद (सम्पा.) (२०७१). *पुस्तकालय दर्पण*, काठमाडौं : पुस्तकालय विकास मञ्च ।

कार्की, गोविन्दमानसिंह (२०७५). *त्रि-चन्द्र कलेजः सय वर्ष (वि.सं. १९७५-२०७४)*, काठमाडौंः त्रि-चन्द्र बहमुखी क्याम्पस ।

पंगेनी, भवेश्वर (२०६८). *केन्द्रीय पुस्तकालयका पाँच दशक*, काठमाडौंः त्रि.वि. केन्द्रीय पुस्तकालय ।

पंगेनी, भवेश्वर (२०७६). त्रिभुवन विश्वविद्यालयको इतिहास (२०१६-२०३९) भाग १, कीर्तिपुरः त्रिभुवन विश्वविद्यालय ।

मानन्धर, कृष्णमान (२०३८). *पुस्तकालय विज्ञान एक परिचय*, काठमाडौंः त्रिभुवन विश्वविद्यालय पाठयक्रम विकास केन्द्र ।

मिश्र, शान्ति, मिश्र, नारायण प्रसाद (२०७५). *त्रि.वि. केन्द्रीय पुस्तकालयको गौरवशाली कहानी र हाम्रो सेवा*, काठमाडौंः लेखकहरू स्वयम् ।

वैद्य, विणा (२०७७). **पुस्तकालयप्रेमी शान्ति मिश्र र त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय**, *पुस्तकालय आवाज मासिक* १२(१०), १२ ।

श्रेष्ठ, पूर्णलाल (२०७१). **मूल्य साझेदारीमा इ रिसोर्सेस**, *पुस्तकालय आवाज मासिक* ७(७), १९ ।

श्रेष्ठ, पूर्णलाल (२०७७). नाम त्रि.वि. केन्द्रीय पस्तकालय रहे पनि यो सिंगो देशको केन्द्रीय पुस्तकालय नै हो, *पुस्तकालय आवाज मासिक* १३(१), १३ ।

शर्मा, विजय (२०७७). **समयानुकुल सुधारकासाथ पाठक सेवामा समर्पित त्रि.वि. केन्द्रीय पुस्तकालय**, *पुस्तकालय आवाज मासिक* १३(८), १८ ।

शर्मा, विजय (२०७७). **ई–लाईब्रेरी सेवामा फड्को मार्दै त्रिभुवन विश्वविद्यालय**. *नेपाल समाचार पत्र दैनिक* २०७७ चैत्र २० ।

त्रि.वि. आर्थिक तथा प्रशासन महाशाखा (२०७७). *त्रिभुवन विश्वविद्यालयः आ.व. २०७७/०७८ का लागि त्रि.वि. सभाबाट पारित कार्यक्रम तथा बजेट*, कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

श्री ५ को सरकार कानून तथा संसदीय प्रवन्धमन्त्रालय (२०१६). *नेपाल गजेट भाग २,* काठमाडौं : श्री ५ को सरकार ।

Nepal Journal Online. (n.d.). *Home*. Retrived 12 April, 2021 from: https://www.nepjol.info/index.php/index.

Tribhuvan University Central Library. (n.d.a). *About us.* Retrieved 12 April, 2021 from: http://tucl.edu.np/about-us/#introdution

Tribhuvan University Central Library. (n.d.b). Collection/ Sections. Retrieved 12 April, 2021 from: http://tucl.edu.np/collections-sections/# .

Tribhuvan University Central Library.(2021c). *Events.* Retrieved 12 April, 2021 from: https://tucl.edu.np/events/.